नेपालमा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रम

Nepal Red Cross Society

ICRC

रेडक्रसको अन्तर्राष्ट्रिय समिति
पोष्ट बक्स नं: २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं
टेलिफोन: ४१०७२८५ / ४१०७२७९ फ्याक्स: ४१०७१३७
ईमेल:kathmandu@icrc.org वेब:www.icrc.org
© आईसीआरसी, मार्च २०१२

केन्द्रीय कार्यालय, रेडक्रस मार्ग
पो.ब.नं. २१७, कालिमाटी, काठमाडौं, नेपाल
टेलिफोन: ०१ ४२७२७६१, ४२७०६५०
फ्याक्स: ०१ ४२७१९१५
ईमेल: info@nrcs.org वेब: www.nrcs.org

आवरण फोटो: सन् २०११ मा म्यार्दी जिल्लामा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमको आकस्मिक सत्र सञ्चालन गर्दै नेरेसो केन्द्रीय कार्यालयका MRE फोकल पर्सन ।

प्रस्तावना

नेपालको सशस्त्र द्वन्द्वले खतरनाक 'युद्धका विस्फोटजन्य अवशेष' (Explosive Remnants of War - ERW) छोडेर गएको छ। ती अवशेषहरूको कारणबाट नेपालमा विधिवत् रूपमा सशस्त्र द्वन्द्वको अन्त्य भएपछि पनि अझै मानिसहरू मरिरहेका छन्। द्वन्द्व अन्त्य गर्नका लागि द्वन्द्वरत पक्षहरूद्वारा हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौतामा बारूदी सुरूङ बिच्छ्याइएको क्षेत्र तथा विस्फोटजन्य पदार्थ भएका क्षेत्रहरूका बारेमा जानकारी उपलब्ध गराई ३० दिनभित्र तिनलाई हटाउन, नष्ट गर्न र निष्क्रिय पार्नका लागि एक-अर्कालाई सहयोग गर्न द्वन्द्वरत दुवै पक्षहरू बाध्य हुनेछन् भनी उल्लेख गरिएको थियो। यसअनुरूप ५३ वटा बारुदी सुरुङ बिच्छ्याइएको क्षेत्रहरू (Mine fields) र २७३ वटा घरेलु विस्फोटजन्य पदार्थ भएको क्षेत्रहरूमा (IED fields) चिन्ह लगाइयो। तर विस्तृत शान्ति सम्झौतामा उल्लेख भएवमोजिमको समयसीमाभित्र उक्त प्रतिबद्धता पुरा हुन सकेन।

बारुदी सुरुङ तथा युद्धका अन्य विस्फोटजन्य अवशेषबाट उत्पन्न हुने जोखिमका बारेमा सचेतना एवं ज्ञानको अभावका साथसाथै घरेलु विस्फोटजन्य पदार्थका विभिन्न प्रकार र ती बिच्छ्याइएका ठाउँहरूका बारेमा जानकारीको अभावको कारणबाट समस्या झन् जटिल भएको छ। द्वन्द्वको अन्तपछि आवतजावत वृद्धि भयो र यस वृद्धि सँगसँगै मानिसहरू, विशेष गरी बाल-बालिकाहरू यस्ता विस्फोटजन्य पदार्थबाट पीडित भइरहेका छन्। सन् २००६ देखि यता, करिब ५०० मानिसहरू विस्फोटजन्य पदार्थबाट पीडित भएका छन् र तीमध्ये ८१ जना मारिएका छन्। तिनमा पनि खास गरी बाल-बालिका सङ्कटासन्न छन्। कुल पीडितहरूमध्ये ४४ जना बाल-बालिकाले विस्फोटबाट ज्यान गुमाएका छन् र २१३ जना बाल-बालिका घाइते भएका छन्।

बारुदी सुरुङमाथि प्रतिबन्ध लगाउने ओटावा सन्धिमा नेपाल सरकारले हस्ताक्षर गरेको छैन तर पनि शान्ति सम्झौताको आधा दशकपछि अन्ततः सन् २०१२ मा आएर विस्तृत शान्ति सम्झौताको सम्मान गर्दै बारुदी सुरूङ बिच्छ्याइएको क्षेत्र तथा घरेलु विस्फोटजन्य पदार्थ भएको क्षेत्रहरू हटाउन नेपाल सरकार सफल हुने अपेक्षा छ। सन् २०११ को जून महिनामा नेपाललाई बारुदी सुरुङ बिच्छ्याइएको क्षेत्रबाट मुक्त मुलुक भनी घोषणा गरियो र सन् २०१२ को सुरुवाती महिनाहरूमा घरेलु विस्फोटजन्य पदार्थ भएको क्षेत्रहरू पनि हटाइसकेपछि नेपाल घरेलु विस्फोटजन्य पदार्थ भएको क्षेत्रबाट पनि मुक्त मुलुक हुनेछ। यति हुँदा-हुँदै पनि जथाभावी छाडिएका युद्धका विस्फोटजन्य अवशेषहरू र १० वर्षे द्वन्द्वपछि सक्रिय अन्य सशस्त्र समूहहरूद्वारा प्रयोगमा ल्याइएका घरेलु विस्फोटजन्य पदार्थहरू अझै पनि मानिसहरूका लागि चुनौतीको रूपमा रहिरहेका छन्।

विस्फोटजन्य पदार्थहरूको जोखिम कम गर्नको लागि समुदायिक तहमा जनचेतना अभिवृद्धि गर्ने कार्य प्रभावकारी रणनीति साबित भएको छ। शान्ति तथा पुननिर्माण मन्त्रालयको बारुदी सुरुङ व्यवस्थापन शाखा (Mine Action Section) द्वारा समन्वित माइन एक्शन संयुक्त कार्य समूह (Mine Action Joint Working Group - MAJWG) मा आबद्ध अन्य सङ्गठनहरूसँग मिलेर नेपाल रेडक्रस सोसाइटी (नेरेसो) तथा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) ले यस जटिल मानवीय समस्यालाई समाधान गर्नका लागि योगदान गरिरहेका छन्। रेडक्रस तथा रेडक्रिसेन्ट अभियानभित्र बारुदी सुरुङ, क्लस्टर बम र युद्धका अन्य विस्फोटजन्य

अवशेषसम्बन्धी रेडक्रस अभियानको सन् २००९ को रणनीति (Movement Strategy on Landmines, Cluster Munitions and Other Remnants of War) को कार्यान्वयन गर्ने मुख्य भूमिका आईसीआरसीको हुन्छ। बारुदी सुरुङ तथा युद्धका विस्फोटजन्य अवशेषबाट प्रभावित देशहरूका राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूसँग मिलेर आईसीआरसीले स्वास्थ्यसँग सम्बन्धित आवश्यकताहरूलाई सम्बोधन गर्न शारीरिक पुनःस्थापनालगायतका कार्यक्रमहरू, आर्थिक आवश्यकता सम्बोधन गर्न लघु आर्थिक पहल लगायतका कार्यक्रमहरूको कार्यान्वयन गर्दछ, बारुदी सुरुङबाट उत्पन्न हुने जोखिमका बारेमा सचेतना तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दछ र कानुनी सल्लाह उपलब्ध गराउने एवं पैरवी गर्ने गर्दछ।

सन् २००५ देखि यता आईसीआरसीको प्राविधिक तथा आर्थिक सहयोगमा नेपालमा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी आकस्मिक/नियमित सचेतना कार्यक्रम (Emergency/Mine Risk Education – E/MRE[1]) सञ्चालन गर्दै नेपाल रेडक्रस सोसाइटी सचेतना अभियानको अग्रपङ्क्तिमा रहँदै आएको छ। विस्फोटजन्य पदार्थसम्बन्धी सचेतना कार्यक्रमको उद्देश्य विस्फोटजन्य पदार्थहरूले पुऱ्याउने जोखिम न्यूनीकरण गर्न र ती जोखिमबाट बच्ने सुरक्षित व्यवहारका बारेमा चेतना फैलाई शिक्षा प्रदान गरेर व्यवहारमा परिवर्तन ल्याउनु हो। नेपाल बारुदी सुरुङ बिच्छ्याइएको क्षेत्र मुक्त मुलुक हो र घरेलु विस्फोटजन्य पदार्थ भएको क्षेत्रहरूबाट पनि मुक्त हुने प्रक्रियामा छ तर बारुदी सुरुङ तथा घरेलु विस्फोटजन्य पदार्थबाट मुक्त मुलुक भने होइन। यस तथ्यलाई ध्यानमा राखी यी विस्फोटजन्य पदार्थहरूबाट उत्पन्न हुने जोखिमका बारेमा सर्वसाधारणमा सचेतना अभिवृद्धि गर्नका लागि सम्पूर्ण प्रयासहरू गर्ने र सुरक्षित व्यवहारका बारेमा मानिसहरूलाई शिक्षित पार्ने कार्यलाई जारी राख्नु आवश्यक छ।

विगतको द्वन्द्वका विस्फोटजन्य अवशेषहरूबाट उत्पन्न हुने मानवीय असरहरूलाई कम गर्नका निमित्त माइन एक्शन संयुक्त कार्य समूह (MAJWG) सँग मिलेर काम गर्ने रेडक्रस अभियानका साझेदारहरू, नेपाल रेडक्रस सोसाइटी र आईसीआरसी प्रतिबद्ध छन्।

देवरत्न धाख्वा
महामन्त्री
नेपाल रेडक्रस सोसाइटी

जेरोम फोन्टाना
प्रतिनिधिमण्डल उप-प्रमुख
आईसीआरसी-नेपाल

[1] विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रम (MRE) भनेको बारुदी सुरुङ तथा घरेलु विस्फोटजन्य पदार्थबाट प्रभावित भएको स्थानहरूमा जानकारी प्रचारप्रसार गर्नको निम्ति नियमित रूपमा संचनलन गरिने सत्र हो। विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी आकस्मिक सचेतना कार्यक्रम (EMRE) भने विस्फोटको घटना घटेपछि वा विस्फोटजन्य पदार्थ फेला परेको खण्डमा त्यस्ता घटनाको लगतै आयोजना गरिन्छ।

विषय सूची

१. परिचय २

२. नेपालमा विस्फोटजन्य पदार्थहरू ३
विस्फोटजन्य पदार्थका प्रकारहरू
वाइजुको खतरनाक खेलौना

३. युद्धका विस्फोटजन्य अवशेषबाट पीडित व्यक्तिहरू ५
केही तथ्यहरू

४. समस्या समाधानको बाटोतिर ७
नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को भूमिका
नेरेसोद्वारा सञ्चालित विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना (MRE) कार्यक्रम
स्वयंसेवकहरूको अनुभव
विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमसँग सम्बन्धित अन्य कार्यक्रमहरू
फेरि हिँड्न सिक्दै

५. वर्तमान परिस्थिति १२

६. नेरेसोको भावी भूमिका १३
विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमको कार्यान्वयनमा नेरेसोका विभिन्न निकायहरूको भूमिका

७. आधारभूत सुरक्षा १४
सुरक्षासम्बन्धी आधारभूत सन्देश
सिन्धुपाल्चोकका नायक
सुरक्षित व्यवहारका बारेमा सचित्र सन्देश

तालिका तथा चित्रहरूको सूची

चित्र १ : उमेर तथा लिङ्गका आधारमा विस्फोटजन्य पदार्थबाट पीडित व्यक्ति ६
तालिका १ : सन् २००६ देखि यता भएका विस्फोटका घटना तथा पीडित व्यक्तिहरूको सारसङ्क्षेप ५
तालिका २ : विस्फोट हुँदा पीडित व्यक्तिहरूका गतिविधि २१
तालिका ३ : विस्फोटजन्य पदार्थअनुसार हताहतको प्रकार २१
तालिका ४ : घटना भएका स्थान र विस्फोटजन्य पदार्थको प्रकारअनुसार घाइतेहरूको संख्या २२

अनुसूचीहरू १६
अनुसूची १ : नेरेसो र आईसीआरसीको 'विस्फोटजन्य पदार्थसम्बन्धी सचेतना कार्यक्रम'को सारांश १६
अनुसूची २ : नेरेसोका जिल्ला शाखाहरू र विस्फोटजन्य पदार्थसम्बन्धी सचेतना कार्यक्रमको स्रोत व्यक्तिहरूको सूची १९
अनुसूची ३ : तथ्याङ्क तालिका २१

१. परिचय

आधुनिक दिनका हरेक सशस्त्र द्वन्द्वले युद्धका विस्फोटजन्य अवशेष छोडेका हुन्छन् जून द्वन्द्व समाप्त भएपछि पनि साधारणतया वर्षौं-वर्ष वा दशकौंसम्म पनि रहिरहने समस्या हो । नेपाल यस अर्थमा अन्य मुलुक भन्दा भिन्न छैन र एक दशक लामो द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरूद्वारा घरेलु विस्फोटजन्य पदार्थ, बारुदी सुरुङ तथा अन्य प्रकारका विस्फोटजन्य पदार्थको प्रयोग भयो । नेपालको सशस्त्र द्वन्द्व देशव्यापी रूपमा भएको कारणले गर्दा युद्धका विस्फोटजन्य अवशेषको समस्या पनि व्यापक नै छ र यसबाट मुलुकका पाँचै क्षेत्रका विभिन्न जिल्लाहरूमा प्रभाव परेको छ ।

सन् २००६ को नोभेम्बर महिनामा हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौताबाट द्वन्द्वको अन्त भए तापनि युद्धका विस्फोटजन्य अवशेषहरूबाट सर्वसाधारणको ज्यान जाने र घाइते हुने क्रम भने जारी नै रह्यो । सन् २००६ को जनवरीदेखि सन् २०११ को नोभेम्बरसम्म पीडित स्वयंको कारण विस्फोटजन्य पदार्थ सक्रिय भई भएका विस्फोटबाट करिब ५०० मानिसहरू हताहत भए । सचेतना तथा उपयुक्त व्यवहारबारे ज्ञानको अभावका साथसाथै घरमा र घरवरिपरि विस्फोटजन्य पदार्थहरू व्यापक रूपमा रहनु नै दुर्घटनाको मुख्य कारण हो । हताहतको कुल सङ्ख्याको ६४ प्रतिशत व्यक्तिहरू विस्फोटजन्य पदार्थ बिगार्दा/चलाउँदा, फ्याँक्दा, आगोमा हाल्दा वा विस्फोटजन्य पदार्थलाई चलाउने व्यक्तिको नजिक उभिएको समयमा भएको विस्फोटको घटनामा परी मारिएका वा घाइते भएका थिए । यदि पीडितहरू यस्तो खतराप्रति सचेत भएका भए र सुरक्षित तथा उपयुक्त व्यवहारका बारेमा उनीहरूले थाहा पाएका भए यीमध्ये धेरैजसो दुर्घटनाहरूलाई रोक्न सकिन्थ्यो ।

यसका अतिरिक्त, सशस्त्र द्वन्द्वको विधिवत् अन्त भएपछि देखा परेका विभिन्न सशस्त्र समूहहरूद्वारा घरेलु विस्फोटजन्य पदार्थको प्रयोग भएबाट पहिलेदेखि नै विद्यमान समस्या अरू बढ्न गएको छ । विस्तृत शान्ति सम्झौताभन्दा पछि उत्पादन भई प्रयोगमा आएका विस्फोटजन्य पदार्थहरूको कारण भएका घटनाहरूको विवरण पनि बढ्दै गएको पाइएको छ ।

युद्धका विस्फोटजन्य अवशेषहरूको जोखिमका बारेमा सामुदायिक तहमा व्यापक रूपमा सचेतना अभिवृद्धि गर्दै नेपाल रेडक्रस सोसाइटी सुरक्षित व्यवहारको सम्बन्धमा सक्रिय रूपमा पैरवी गर्ने निकायको रुपमा रहदै आएको छ । आफूहरूले भेटाएका वा देखेका घरेलु विस्फोटजन्य पदार्थ/विस्फोटजन्य युद्धसामग्री (Explosive Ordnances) को बारेमा सम्बन्धित निकायलाई जानकारी गराएर सर्वसाधारणहरूले सुरक्षित व्यवहार प्रदर्शन गर्न थालेका छन् । यसको परिणामस्वरूप फेला परेका विस्फोटजन्य पदार्थहरूलाई सुरक्षापूर्वक निष्क्रिय पारिएको छ र यसरी धेरै मानिसहरूको ज्यान तथा शारीरिक अङ्गहरूको सुरक्षा भएको छ । मानिसहरू सचेत भएको खण्डमा विस्फोटका घटनाहरूबाट जोगिन सकिन्छ । यसका लागि, युद्धका विस्फोटजन्य अवशेषको जोखिम र सोबाट बच्नको लागि सुरक्षित व्यवहारका बारेमा शिक्षा तथा प्रचार-प्रसारलाई जारी राख्नुपर्दछ ।

२. नेपालमा विस्फोटजन्य पदार्थहरू

विस्फोटजन्य पदार्थका प्रकारहरू[२]

घरेलु विस्फोटजन्य पदार्थ (Improvised Explosive Devices - IED): यो घाइते बनाउने, हत्या गर्ने वा आतङ्कित पार्ने उद्देश्यले घरमा नै बनाइएको विस्फोटजन्य पदार्थ हो जुन सामान्यतया हातैले राखिने वा फ्याँकिने गरिन्छ। नेपालमा सबैभन्दा धेरै पाइएको घरेलु विस्फोटजन्य पदार्थहरूमा सकेट बम– गाल्भानाइज गरिएको प्लम्बिङ ज्वाइन्टहरूबाट बनाइएका घरेलु हाते बम (चित्र १), प्रेसर कुकर बम (चित्र २), पाइप बम (चित्र ३) र कपडा र डोरीबाट बनाइएको सुतली बम (चित्र ४) हुन्।

चित्र १: सकेट बम

चित्र २: प्रेसर कुकर बम

चित्र ३: पाइप बम

चित्र ४: सुतली बम

मानवविरुद्ध लक्षित बारुदी सुरुङ (Anti-Personnel Landmine – AP mine): जमिनमुनि, माथि वा जमिननजिक राखिएका र कुनै व्यक्ति त्यसको सम्पर्कमा आउँदा वा त्यसको, नजिक जाँदा वा त्यस ठाँउमा उपस्थित हुँदा विस्फोटन हुने गरी तयार पारिएका विस्फोटजन्य पदार्थहरू मानवविरुद्ध लक्षित बारुदी सुरुङ हुन्। सामान्यतया मानवविरुद्ध लक्षित बारुदी सुरुङलाई तीन श्रेणीमा विभाजन गर्न सकिन्छ:

- विस्फोट भई टुक्रा-टुक्रा हुने बारुदी सुरुङ – ब्लास्ट माइन (blast mine), उदाहरणका लागि पीएमडी ६ (PMD 6) "Shoebox mine" (चित्र नं. ५)
- टुक्रा-टुक्रा भएर सबैतिर जाने बारुदी सुरुङ (omni-directional fragmentation mine)– पीओएमजेड (POMZ) वा Stake mine (चित्र नं. ६)
- टुक्रा भएर निश्चित दिशातिर जाने बारुदी सुरुङ (directional fragmentation mine)–एम १८ क्लेमोर माइन (M18 claymore mine) (चित्र नं. ७)

चित्र ५: शु बक्स माइन

[२] यस खण्डमा प्रयोग गरिएका चित्रहरू माइन एक्शन संयुक्त कार्य समूहद्वारा उत्पादित बारुदी सुरुङ जोखिम शिक्षासँग सम्बन्धित फ्लिप चार्टबाट लिइएका हुन्।

चित्र ६: स्टेक माइन

चित्र ८: मोर्टार सेल

चित्र ७: क्लेमोर माइन

प्रयोग गरिएका तर नपड्किएका युद्धसामग्री (Unexploded Ordnance - UXO): यी त्यस्ता विस्फोटजन्य युद्धसामग्री हुन् जसलाई प्रहार गरिएको, खसालिएको वा फ्याँकिएको छ तर अपेक्षा गरिएबमोजिम सो पदार्थ विस्फोट भएको छैन ।

बेवारिसे अवस्थामा छाडिएका युद्धसामग्री (Abandoned Ordnance - AO): यी त्यस्ता विस्फोटजन्य युद्धसामग्री हुन् जसलाई प्रयोग नगरिकन छाडिएको छ र जुन छोडेर वा फालेर जाने व्यक्तिहरूको नियन्त्रणमा पनि छैन (चित्र ९ मा हाते बम देखाइएको छ जुन बेवारिसे अवस्थामा छाडिएको पाइन्छ) ।

अन्य विस्फोटजन्य पदार्थ (Other Explosive Device): यी विस्फोटजन्य पदार्थहरू कारखानामा निर्मित हुन् जुन विस्फोट भएका छैनन् वा बेवारिसे अवस्थामा छोडिएका छन् । जस्तै मोर्टार सेल (mortar shells) (चित्र नं. ८), हाते बम (hand grenades), टोटा (cartridges) र डेटोनेटर (detonators) आदि ।

चित्र ९: हाते बम

वाङ्जुको खतरनाक खेलौना:

सन् २००८ को अप्रिल महिनामा सिन्धुपाल्चोक जिल्ला निवासी १४ वर्षका वाङ्जु लामाले आफनो घरनजिकको खेतमा एक रङ्गीन वस्तु फेला पारे । त्यो वस्तुलाई जमिनमा फ्याँकेर खेल्दा उनलाई रमाइलो लाग्यो । एक दिन उनले स-साना ढुङ्गालाई धुलो बनाउनको लागि त्यस वस्तुले ढुङ्गालाई हाने । त्यतिकैमा उक्त वस्तु उनकै हातमा पड्कियो । उनी हुत्तिएर उत्तानो परेर जमिनमा पछारिए र उनको हातबाट धेरै रगत बग्यो । उनकी आमा ठुली मायाले घर भित्रैबाट विस्फोटको आवाजका साथै छोरो चिच्याएको आवाज सुनिन् । जब उनी दौडिदै बाहिर आइन्, तब उनले रगत बगिरहेको हातलाई समातेर पीडाले भुईंमा छटपटाइरहेको वाङ्जुलाई देखिन् । उनले तुरुन्तै छिमेकीहरूलाई बोलाइन् र तिनले वाङ्जुलाई सबभन्दा नजिकको अस्पतालमा लैजान मद्दत गरे । अस्पतालले वाङ्जुको हातमा नराम्रो चोट परेको र उनको तीनओटा औंला गुमेको बतायो । वाङ्जुको पुरै परिवार यो सुनेर दुःखित भए र सबैले मिलेर छोराको उपचार गर्न सहयोग जुटाए । वाङ्जुको परिवारले औषधि उपचारको लागि खर्च व्यहोर्न रू ८०,०००।- ऋण लिनुपर्‍यो ।

३. युद्धका विस्फोटजन्य अवशेषबाट पीडित व्यक्तिहरू

अधिकारीहरूद्वारा विवरण उपलब्ध गराइएबमोजिमका नेपालमा रहेका ५३ बारुदी सुरुङ बिच्छ्याइएको क्षेत्रहरू र २७३ घरेलु विस्फोटजन्य पदार्थ भएको क्षेत्रहरूका अतिरिक्त, खेतबारी वा जङ्गलमा छरिएर वा घरमा वा घरनजिकै भण्डारणमा रहेका असङ्ख्य घरेलु विस्फोटजन्य पदार्थहरूबाट खतरा विद्यमान छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC–इन्सेक) द्वारा सङ्कलन गरिएको तथ्याङ्कबमोजिम (तालिका १ हेर्नुहोस्) सशस्त्र द्वन्द्वको अन्तपछि भएका विस्फोटनका २४६ घटनाहरूमा ४८८ मानिसहरू पीडित भए । तीमध्ये ८१ जना मारिए र बाँकी ४०७ व्यक्तिहरूमध्ये केहीले हातखुट्टा/औँला गुमाए, केही कान नसुन्ने वा आँखा नदेख्ने भए र केहीलाई पोलेर घाउ, इत्यादि भयो । विस्फोटका घटनामा परी बाँचेका व्यक्तिहरू कुनै न कुनै किसिमबाट शारीरिक रूपमा आजीवन अशक्त हुने गरेका छन् र यी मध्ये धेरैजसो बाल-बालिका छन् ।

तालिका १| सन् २००६ देखि यता भएका विस्फोटका घटना तथा पीडित व्यक्तिहरूको सार-सङ्क्षेप[३]

वर्ष	घटना	पीडित सङ्ख्या	घाइते	मृत्यु
२००६	९८	१६९	१३०	३९
२००७	४२	१०४	९१	१३
२००८	३८	७३	६९	४
२००९	२४	७०	५४	१६
२०१०	२३	४१	४१	०
२०११	२१	३१	२२	९
जम्मा	**२४६**	**४८८**	**४०७**	**८१**

केही तथ्यहरू :

- कुल पीडित व्यक्तिमध्ये आधाभन्दा बढी बाल-बालिका थिए (३८.७% केटा र १३.५% केटी) ।
- हरेक १० पीडित व्यक्तिमध्ये ६ जना (६४%) विस्फोटजन्य पदार्थ चलाउँदा, खेलाउँदा, फुयाँक्दा, आगोमा हाल्दा वा विस्फोटजन्य पदार्थलाई चलाई सक्रिय पार्ने व्यक्तिको नजिक उभिएको समयमा मारिएका वा घाइते भएका थिए ।
- ३६% घटना घरमा, १४.५% घटना खेत-बारीमा र ११.४% घटना सडकमा भएका थिए ।
- हताहतमध्ये ८१% घरेलु विस्फोटजन्य पदार्थबाट, मुख्यतया सकेट बम, अज्ञात/अन्य घरेलु विस्फोटजन्य पदार्थ र सुतली बम (हताहतको कुल सङ्ख्यामध्ये क्रमशः २९%, २५% र २१%) बाट भएको थियो । हताहत गराउने अन्य विस्फोटजन्य पदार्थहरूमा प्रेसर कुकर, पाइप र टिफिन बम थिए ।
- बारुदी सुरुङ (माइन) बाट २२ जना (५%) हताहत भए जबकि मोर्टार शेल, हाते बम र डिटोनेटरजस्ता युद्धका विस्फोटजन्य अवशेषहरूबाट ४९ जना अर्थात् हताहतको कुल सङ्ख्यामध्ये १०% प्रभावित भएका थिए ।

[३] यो तालिकामा प्रस्तुत गरिएको तथ्याङ्क सन् २००६ देखि ९ नोभेम्बर २०११ सम्मको मात्र हो ।

नेपालमा धेरैजसो विस्फोट घर वा घरनजिक भएका हुँदा सबभन्दा बढी खतरा भएको ठाउँ घरहरू हुन गएको थियो जुन बारुदी सुरुङ/युद्धका विस्फोटजन्य अवशेषहरूबाट प्रभावित अन्य मुलुकहरू भन्दा फरक थियो । द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरूद्वारा लुकाइएका वा छाडिएका विस्फोटजन्य पदार्थहरू जिल्लाका धेरै घरहरूमा पाइएको हुनाले घर सबभन्दा बढी खतरा भएको स्थान भएको हो । त्यसमाथि, धेरै बाल-बालिका र वयस्क व्यक्तिहरूले समेत अज्ञात वस्तु (विस्फोटजन्य पदार्थ) हरू भेट्टाएपछि ती वस्तुहरू घर ल्याउँने गरेको पाइएको छ ।

चित्र १ उमेर तथा लिङ्गका आधारमा विस्फोटजन्य पदार्थबाट पीडित व्यक्ति



तथ्याङ्कहरूको विश्लेषणले बाल-बालिका, मुख्य रूपमा केटाहरू बढी जोखिममा छन् भन्ने देखाएको छ । केटाहरूको नचिनेका वा अज्ञात वस्तुहरूसँग खेल्ने प्रवृत्ति यसको मुख्य कारण हो । कुल पीडित बाल-बालिकामध्ये ५५% बाल-बालिकाले विस्फोटजन्य पदार्थ चलाएका वा खेलाएका थिए भने १८% बाल-बालिका विस्फोट भएको समयमा विस्फोट भएको ठाउँ वरिपरि नै थिए (थप जानकारीको लागि अनुसूची ३ को तालिका २ हेर्नुहोस्) । तथ्याङ्कले ३१% अर्थात ४८६[४] पीडित व्यक्तिमध्ये १५१ जना पीडित महिला रहेकोले महिला पीडितहरूको पनि ठूलो सङ्ख्या रहेको देखाएको छ । बाँकी पीडित अर्थात् पीडितमध्ये ६९% (४८६ मध्ये ३३५) पुरुष थिए । प्रायजसो महिलाहरू विस्फोट भएको ठाउँ नजिकै भएकोले गर्दा घाइते भएका छन् । धेरैजसो विस्फोट घरमा नै भएको हुँदा यो कुनै अनौठो कुरा पनि होइन । दाउरा खोज्ने, घाँस सफा गर्ने वा काट्ने, जङ्गलमा वस्तु-भाउ चराउने समयमा पनि महिलाहरू अचानक दुर्घटनावस विस्फोटजन्य पदार्थको जोखिममा पर्दछन् ।

सकेट बमबाट अत्यधिक व्यक्ति घाइते भएका छन् (कुल घाइतेमध्ये ३०%) र अज्ञात/अन्य घरेलु विस्फोटजन्य पदार्थबाट सबभन्दा बढी मानिसहरू मारिएको (कुल मारिएका मध्ये ३६%) तथ्य तथ्याङ्कले देखाउँछ। मानिसहरूलाई घाइते बनाउने विस्फोटजन्य पदार्थमध्ये सुतली बम दोस्रोमा आउँछ । सुतली बम, प्रेसर कुकर बम, टिफिन बम र क्लेमोर माइन (Claymore Mine) बाट मानिसहरू घाइते भएका छन् तर अहिलेसम्म एक जना पनि मारिएका भने छैनन् भन्ने तथ्य तथ्याङ्कबाट देखिन्छ । तालिका १ (पृष्ट ४) मा देखाइएअनुसार सन् २०१० मा मारिएकाहरूको कुनै विवरण प्राप्त भएको छैन किनभने यस वर्षमा धेरैजसो घटना सुतली बमबाट भएका थिए । सन् २०११ मा पीडित व्यक्तिहरूको कुल सङ्ख्या घट्दा पनि नौ जनाको मृत्यु भएको विवरण प्राप्त भयो र तीमध्ये धेरैको मृत्यु सकेट बमबाट भएको थियो। यस परिप्रेक्ष्यमा, विस्फोटजन्य पदार्थका प्रकार र तिनको प्रभावका बारेमा मानिसहरूलाई जागरुक पार्नका निमित्त यस बारेमा जनचेतना अभिवृद्धि गर्नु जरुरी छ । पीडित व्यक्तिसम्बन्धी तथ्याङ्क र विस्फोटजन्य पदार्थका प्रकारका बारेमा थप जानकारीका लागि कृपया अनुसूची ३ हेर्नुहोस् ।

[४] कुल ४८८ घाइते मध्ये, २ जना घाइतेहरूको लिङ्ग र उमेरको बारेमा जानकारी छैन (अनुसुची ३ को तालिका २ हेर्नुहोस्) ।

४. समस्या समाधानको बाटोतिर

*बारुदी सुरुङ, क्लस्टर बम र युद्धका अन्य विस्फोटजन्य अवशेषसम्बन्धी रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको रणनीतिः सर्वसाधारणमाथि हतियारका असरहरूको न्यूनीकरण*ले युद्धका विस्फोटजन्य अवशेषबाट उत्पन्न हुने पीडा न्यून गर्ने रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको कार्यलाई मार्गदर्शन गर्दछ । यस रणनीतिले माथि उल्लेखित विस्फोटजन्य अवशेषसम्बन्धी गतिविधिको लागि अभियानका अंगहरूमध्ये रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई नेतृत्वदायी भूमिका प्रदान गर्दछ ।

द्वन्द्वपछि मानिसहरू बढी स्वतन्त्रतापूर्वक आवत-जावत गर्ने हुनाले उनीहरूको विस्फोटजन्य पदार्थसँग सामना हुने सम्भावना बढी हुने हुँदा द्वन्द्वको अन्तपछि लगत्तैका वर्षहरूमा विस्फोटजन्य अवशेषहरूको सबैभन्दा बढी खतरा हुन्छ । शान्तिपूर्ण सङ्क्रमणकालीन विगत पाँच वर्षमा नेपालीहरूले मानवविरुद्ध लक्षित बारुदी सुरुङ, घरेलु विस्फोटजन्य पदार्थ, नपड्किएका, बेवारिसे तथा अन्य विस्फोटजन्य पदार्थको जोखिमको सामना गर्नुपरेको छ ।

सन् २००४ मा आईसीआरसीले नेपालमा बारुदी सुरुङ/विस्फोटजन्य पदार्थहरूको जोखिम तथा प्रभाव र यससम्बन्धी (माइन एक्शन) गतिविधिहरूको आवश्यकताका सम्बन्धमा एक अध्ययन गऱ्यो । उक्त अध्ययनले विस्फोटजन्य पदार्थका जोखिमसम्बन्धी सचेतना गतिविधिहरूमा संलग्न हुन रेडक्रसलाई सिफारिस गऱ्यो ।

फलस्वरूप, द्वन्दको अन्त हुनुभन्दा पहिले नै सन् २००५ मा नेरेसो तथा आईसीआरसीले बारुदी सुरुङ तथा अन्य विस्फोटजन्य पदार्थहरूको जोखिम र यसबाट बच्ने सावधानी एवं सुरक्षाका उपायहरूका बारेमा विशेष गरी द्वन्द्वबाट प्रभावित क्षेत्रहरूमा जनचेतना फैलाउने काम सुरु गरे ।

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को भूमिका

विस्फोटजन्य पदार्थहरूको समस्या सम्बोधन गर्ने सम्बन्धमा नेरेसोले गर्ने कार्य "मानवीय पीडामा राहत प्रदान गर्ने र सङ्कटाभिमुखता कम गर्ने" नेरेसोको मानवीय दूरगामी लक्ष्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । यसको मुख्य उद्देश्य "धर्म, वर्ण, लिङ्ग, वर्ग, जात, जाति, राष्ट्रियता अथवा राजनीतिक आस्थाका आधारमा भेदभाव नगरी मानवीय पीडालाई कम गर्नु" हो ।

नेपालका ७५ वटै जिल्लामा रहेका स्थानीय स्वयंसेवकहरूको सशक्त सञ्जाल र स्थानीय परिवेशको राम्रो ज्ञान भएको नेरेसोले आईसीआरसीको स्वभाविक एवं प्राथमिक साझेदार भई विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमको कार्यान्वयन गर्दै आएको छ ।

सङ्कटाभिमुखता कम गर्ने उद्देश्यका साथ नेरेसोले नेपालमा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमअन्तर्गत विस्फोटजन्य पदार्थको जोखिमका बारेमा सचेतना अभिवृद्धि गर्न समुदायिक तहमा शिक्षा प्रदान गर्ने, पीडित व्यक्तिहरूलाई गरिने सहयोगका बारेमा जानकारीको प्रचार-प्रसार गर्ने र विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूको बारेमा पनि जानकारी उपलब्ध गराउने गर्दछ ।

नेरेसोद्वारा सञ्चालित विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना (MRE) कार्यक्रम

विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना गतिविधि बारुदी सुरुङ तथा युद्धका विस्फोटजन्य अवशेषहरूबाट उत्पन्न हुने जोखिमलाई कम गर्नका निमित्त सञ्चालन गरिने महत्वपूर्ण रोकथाम एवं शिक्षामूलक गतिविधिहरूमध्येको एक हो । यसलाई सर्वसाधारणमाझ सूचना, प्रचार-प्रसार, शिक्षा, प्रशिक्षण तथा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना क्रियाकलापका लागि समुदायसँग सहकार्यलगायतका माध्यमबाट सचेतना अभिवृद्धि गरी व्यवहारमा परिवर्तन ल्याउन बढावा दिएर बारुदी सुरुङ तथा प्रयोग गरिएका तर नपडकिएका युद्धसामग्रीबाट चोटपटक लाग्न सक्ने खतरालाई कम गर्न प्रयास गर्ने गतिविधिका रूपमा परिभाषित गरिएको छ ।

नेपालमा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रम मुख्य रूपमा ग्रामीण समुदायका मानिसहरू तथा बाल-बालिकाप्रति लक्षित छ । बारुदी सुरुङ तथा घरेलु विस्फोटजन्य पदार्थका जोखिमहरूका बारेमा सचेतना बढाएर र विस्फोटजन्य पदार्थका विभिन्न प्रकारका बारेमा मानिसहरूलाई शिक्षित पारेर यसले व्यक्तिहरूको व्यवहारमा परिवर्तन ल्याउने प्रयास गर्दछ । यसो गर्नुको उद्देश्य सम्भावित जोखिमका बारेमा मानिसहरू सचेत होऊन् र विशेष गरी थाहा नभएको वस्तु भेटिएको समयमा सुरक्षित व्यवहार अपनाऊन् भन्ने हो । नेपालमा विस्फोटजन्य पदार्थसम्बन्धी समस्या अन्य मुलुकहरूको भन्दा फरक छ । अन्य मुलुकहरूमा जस्तो नेपालमा विस्फोटजन्य पदार्थहरू रहेका क्षेत्रहरू (बारुदी सुरुङ बिच्छ्याइएका क्षेत्र र घरेलु विस्फोटजन्य पदार्थ भएको क्षेत्रबाहेक) को पहिचान गर्ने कुनै ठोस तरिका छैन किनभने धेरैजसो युद्धका विस्फोटजन्य अवशेषहरू प्रहार भएपछि पनि नपडकिएर वा जानीजानी वा अनजानमा छोडिएका छन् जसको बारेमा यथार्थ जानकारी भने छैन । यिनका अतिरिक्त, मानिसहरूले अज्ञानतावस विस्फोटजन्य पदार्थ घरमा भण्डारण गर्ने गरेको पाइएको छ र यस्ता पदार्थ आकस्मिक रूपमा भेटिएको खण्डमा यस वस्तुको धातु अन्य सामानसँग साट्नका लागि घरमा ल्याउने गरेका पनि पाइएको छ । विस्फोटजन्य पदार्थहरू सडक, जङ्गल, घर, सरकारी कार्यालय, नदी/नदीकिनार, बाटो, विद्यालय आदिजस्ता विभिन्न ठाउँहरूमा फेला परेका छन् । यसकारण विस्फोटजन्य पदार्थहरूलाई पूर्ण रूपमा हटाउने कुरा सुनिश्चित गर्न कठिन भएको छ । त्यसैले जोखिमका बारेमा

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को स्थापना सन् १९६३ मा भई रेडक्रसको अन्तर्राष्ट्रिय समितिबाट यसले सन् १९६४ मा मान्यता प्राप्त गऱ्यो । यसै वर्ष नेरेसो रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घमा सदस्य राष्ट्रिय सोसाइटीको रूपमा आबद्ध भयो । त्यसपछि देशको ७५ वटै जिल्लामा जिल्ला शाखाहरूको सञ्जाल विस्तार गर्दै हाल नेरेसो नेपालको सबैभन्दा ठूलो मानवीय सङ्गठनको रूपमा विकसित भएको छ । नेरेसोका जिल्ला शाखाहरूले तीअन्तर्गतका १,३०० भन्दा बढी उपशाखा तथा सहकार्य समितिहरूबाट सङ्गठनात्मक सहयोग प्राप्त गर्दछन् । नेरेसोका धेरैजसो गतिविधिहरू विद्यालय, क्याम्पस तथा समुदायहरूमा गठन गरिएका लगभग ५,००० नेपाल जुनियर तथा युवा रेडक्रस सर्कलका विद्यार्थी तथा युवा स्वयंसेवकहरूद्वारा कार्यान्वयन गरिन्छ ।

सचेतना अभिवृद्धि गर्ने र सुरक्षित व्यवहारका बारेमा शिक्षा प्रदान गर्ने कार्यलाई निरन्तरता दिनु आवश्यक भएको छ ।

नेरेसो विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रममा सन् २००५ देखि नै संलग्न भएको हो । आईसीआरसीको प्राविधिक तथा आर्थिक सहयोगमा नेरेसोको क्षमता अभिवृद्धि गर्दै बारुदी सुरुङ तथा घरेलु विस्फोटक पदार्थबाट एकदमै प्रभावित भनी ठानिएका १० जिल्लामा यस कार्यक्रम प्रारम्भ गरियो । यस कार्यक्रमको उद्देश्य विस्फोटजन्य पदार्थहरूबाट उत्पन्न हुने खतराका बारेमा सचेतना बढाएर र सुरक्षित तथा उपयुक्त व्यवहारका बारेमा शिक्षा प्रदान गरेर हताहतको सङ्ख्यालाई कम गर्नु थियो । ती १० मध्ये हरेक जिल्लामा दुई युवा रेडक्रस स्वयंसेवकहरूलाई आ-आफ्ना समुदायमा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना सत्रहरू कसरी सञ्चालन गर्ने भन्ने विषयमा प्रशिक्षण दिइयो । त्यसपछि नेपालमा त्यसबेलासम्म अधिकतम रूपमा फेला परेका विस्फोटजन्य पदार्थहरूको फोटोहरू र सुरक्षाका केही आधारभूत सन्देशहरूको प्रयोग गर्दै ती स्वयंसेवक प्रशिक्षार्थीहरूले प्रत्येक महिना कम्तीमा पनि तीन वटा यस्ता सचेतना सत्रहरूको आयोजना गरेका थिए ।

सन् २००६ मा (विस्तृत शान्ति सम्झौता हुनुभन्दा अघि) यस कार्यक्रमको बिस्तार थप १० जिल्लामा गरियो । द्वन्द्वको अन्त भएपछि मानिसहरू स्वतन्त्र रूपमा आवत-जावत गर्न थाल्ने भएकाले द्वन्द्वपछि लगत्तैको अवधिमा धेरै व्यक्तिहरू पीडित बन्न पुग्छन् भन्ने तथ्य अन्य मुलुकको अनुभवले देखाएको छ । तसर्थ, सन् २००६ को नोभेम्बर महिनामा विस्तृत शान्ति सम्झौता भएपछि नेरेसोका गतिविधिहरूको बिस्तार थप २६ जिल्लामा गरियो । हालसम्म यस कार्यक्रमअन्तर्गत कुल ४९ प्रभावित जिल्लाहरू समेटिएका छन् ।

यस कार्यक्रम सञ्चालन गर्नको लागि निम्नलिखित मापदण्डहरूका आधारमा जिल्लाहरूको छनोट गरिएको थियो:

- INSEC-इन्सेकको तथ्याङ्कका आधारमा विगत वर्षहरूमा पीडित स्वयंको कारण विस्फोटजन्य पदार्थ सक्रिय भई भएका विस्फोटको घटना एवं यसबाट हताहत भएकाहरूको सङ्ख्या,
- द्वन्द्वको अवधिमा सबभन्दा धेरै/ठूला मुठभेड भएका जिल्लाहरू र
- नेरेसोका जिल्ला शाखा तथा उपशाखाहरूको क्षमता तथा सबल पक्ष ।

पैरवी

नेपाल सरकारले 'मानवविरुद्ध लक्षित बारुदी सुरुङमाथि प्रतिबन्ध लगाउने सन्धि (AP-Mine Ban Treaty)' र 'केही परम्परागत हतियारसम्बन्धी महासन्धि (CCW)' मा हस्ताक्षर गरेको नभए तापनि नेरेसोले यी दुई सन्धिका साथै हतियारको प्रयोगलाई नियमन गर्ने अन्य अन्तर्राष्ट्रिय सन्धिहरूका आधारभूत विषयका बारेमा जानकारीको प्रचार-प्रसार गरिरहेको छ ।

सन् २००५ देखि सन् २०११ को अन्तसम्मको अवधिमा, नेरेसोका कर्मचारी तथा स्वयंसेवकहरूले नेपालभरिका ७० जिल्लामा २,२२,८३७ सहभागीका लागि विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतनाका ३,६९७ नियमित सत्रहरु र १९६ आकस्मिक सत्रहरूको सञ्चालन गरेका छन् ।[५] हाल नेरेसोका ५२ जिल्लामा यससम्बन्धी प्रशिक्षणप्राप्त स्वयंसेवकहरू छन् । थप जानकारीका लागि कृपया अनुसूची १ र २ को तालिकाहरू हेर्नुहोस् ।

विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमका नियमित सत्रहरूबाहेक, नेरेसोका कर्मचारी तथा स्वंयसेवकहरूले यससम्बन्धी आकस्मिक सत्रहरू पनि सञ्चालन गर्दछन् । यस्ता आकस्मिक सत्रहरू कुनै घटना घटेको वा कुनै विस्फोटजन्य पदार्थ फेला परेको विवरण प्राप्त भएलगत्तै आयोजना गरिन्छ । यसको उद्देश्य सुरक्षित र सही व्यवहारको थप प्रवर्द्धन गर्नु, घटनाबाट प्रभावित व्यक्तिका आवश्यकताहरूको बारेमा बुझ्नु र यस्तो घटनाबाट तनावमा परेको जनसमुदायलाई कुनै प्रकारको मनो-सामाजिक सहयोग उपलब्ध गराउनु हो । नेरेसोले हाल २१ जिल्लामा शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँगको सहकार्यमा प्रभावित समुदायमा बारुदी सुरुङ जोखिम शिक्षा कार्यक्रमको कार्यान्वयन गर्दै आएको छ र भविष्यमा थप जिल्लाहरूमा पनि यस्तो सहकार्य गर्ने आशा गरेको छ । (बाहिरी आवरणको भित्री पृष्ठको नक्सा हेर्नुहोस्) ।

[५] यो तथ्याङ्क आइसीआरसी र नेरेसोको विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमको मात्र हो । यसले नेरेसोद्वारा कार्यान्वित शान्ति तथा पुनर्निर्माण मन्त्रालयको प्रभावित समुदायमा बारुदी सुरुङ जोखिम शिक्षा कार्यक्रमलाई समेट्दैन ।

स्वयंसेवकहरूको अनुभव

पर्सा:

विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमको माध्यमबाट मैले समुदायको जोखिमलाई नजिकैबाट अवलोकन गर्ने मौका पाएको छु । यसमार्फत समुदायभित्र आफूलाई चिनाउन पाएँ र अचेल पनि समुदायका व्यक्तिहरू शाखामा भेट्न आउने तथा लिफ्लेटस माग गर्न आउने गर्दछन् ।

देवेन्द्र प्रसाद यादव, MRE स्वयंमसेवक, नेपाल रेडक्रस सोसाइटी, पर्सा जिल्ला शाखा

बैतडी:

बैतडी जिल्लामा चार वर्ष पहिले MRE Focal person को रूपमा कार्य शुरु गरेपछि विस्फोटजन्य पदार्थको सचेतना अभियानमा संलग्न हुँदा यसको महत्वको बारेमा कमैले चासो राखेका थिए । द्वन्द्वपछि बैतडीमा केही घटना घटेकोमा पहिले ICRC को सहयोगमा सञ्चालित MRE कार्यक्रमद्वारा र हाल आएर स्थानीय शान्ति समितिसँगको सहकार्यमा सञ्चालित कार्यक्रमद्वारा जिल्लाका जोखिमपूर्ण समुदायहरूलाई सचेत तुल्याएको महसुस गरेको छु। यो अभियानमा धेरैजसो जिल्लामा नेरेसोको तालिमप्राप्त युवा जनशक्तिको परिचालन भएको छ। यहाँका जुनियर छात्रछात्राले यस कार्यक्रमको महत्व बुझेर आफ्नो विद्यालयका साना भाइ-बहिनीहरू र छेउछाउका अन्य विद्यालय र स्थानीय समुदायसँग अहिले सचेतनाका बारेमा कुरा गरिरहेका छन् । यसबाट जिल्लामा विस्फोटजन्य पदार्थको बारे सचेतना अभिवृद्धि भएको छ ।

हेमराज भट्ट, MRE फोकल पर्सन, नेपाल रेडक्रस सोसाइटी, बैतडी जिल्ला शाखा

चितवन:

चितवनको भण्डारा-८, मोर्ताल खोला नजिकै विस्फोटजन्य वस्तु (मोर्टार सेल) नचिनेर चलाउने क्रममा एकै परिवारका ६ जना परी ३ जनाले घटनास्थलमै ज्यान गुमाए भने अन्य ३ जनामध्ये २ जना सख्त घाइते हुन पुगे । उक्त घटनाको २ दिनपछि नेरेसो चितवनले EMRE कार्यक्रम सञ्चालन गऱ्यो । करीब ३००-३५० स्थानीयबासीहरू उक्त कार्यक्रममा उपस्थित रहे । त्यसको लगत्तै उक्त स्थानको मोर्ताल खोलामा स्थानीयबासीहरूले फेरि सकेट बम देखी भण्डारा रेडक्रसमा खबर गरे र रेडक्रसको पहलमा उक्त विस्फोटजन्य पदार्थ निष्क्रिय पारियो । यसरी MRE ले विस्फोटक पदार्थको बारेमा सचेतना अभिवृद्धि गरी ज्यान बचाउन र अङ्गभङ्ग हुनबाट बचाउँदै आएको छ ।

सुनिता ढकाल, MRE फोकल पर्सन, नेपाल रेडक्रस सोसाइटी चितवन जिल्ला शाखा

विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमसँग सम्बन्धित अन्य कार्यक्रमहरू

शारीरिक पुनःस्थापना कार्यक्रम

विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी शैक्षिक सत्रहरूको प्रयोग समुदायलाई शारीरिक पुनःस्थापनासम्बन्धी निःशुल्क सेवाको बारेमा जानकारी दिनका लागि पनि गरिन्छ । आईसीआरसीले यस सेवाको लागि पोखराको हरियो खर्क अस्पताल (सन् २००४ देखि) र काठमाडौंको एराहिटी सैनिक अस्पताल (सन् २००९ देखि) लाई सहयोग उपलब्ध गराउँदै आएको छ । यस्ता सत्रहरूमा शारीरिक पुनःस्थापना आवश्यक भएका व्यक्तिहरूलाई यी केन्द्रहरूमा जान सिफारिस गरिन्छ । अपाङ्गता भएका व्यक्तिहरूले यी केन्दहरूबाट पुनः हिड्डुल गर्न सक्षम हुन कृत्रिम हातखुट्टा र फिजियोथेरापीको सेवा प्राप्त गर्दछन् । साथै सरकारको घाइते तथा अपाङ्गहरूको निम्ति अन्तरिम राहत तथा पुनःस्थापना कार्यक्रमको बारेमा जानकारीको प्रचार-प्रसार पनि गरिन्छ ।

लघु आर्थिक पहल कार्यक्रम

सन् २००६ देखि सन् २००९ को अवधिमा सरकारले अन्तरिम राहत कार्यक्रम सुरु गर्नुभन्दा पहिले नै आईसीआरसीको सहयोगमा नेरेसोले बारुदी सुरुङ तथा घरेलु विस्फोटजन्य पदार्थबाट पीडित तथा तिनका परिवारहरूलगायत द्वन्द्वबाट प्रभावित ५,०५० परिवारहरूलाई जीविकोपार्जन पुनःस्थापन गर्नको निमित्त सामाग्रीगत सहयोग उपलब्ध गराएको थियो ।

फेरि हिँड्न सिक्दै

एघार वर्षकी तुलसी आफ्ना साथीहरूसँग घरबाहिर खेल्दा सधैं रमाउँथिन् । एक दिन बाखालाई लखेट्दै जाँदा सेनाको ब्यारेकको छेउमा रहेको तारबार भएर उनी त्यस बाखाको पछिपछि गइन् । उनी त्यस क्षणलाई सम्झँदै भन्छिन्–त्यहाँ ठूलो विस्फोट भयो र त्यसले मलाई धेरै माथि रूखहरूतिर हुत्यायो । अनि म ढ्याम्म आवाजसहित जमिनमा पछारिएँ । उनले बारुदी सुरुङमा टेकेकी थिइन् र त्यो बारुदी सुरुङ विस्फोट भएको थियो । दाजुले उनलाई गाउँबाट सबभन्दा नजिक करिब दुई घण्टाको दुरीमा रहेको अस्पतालमा लिएर गएको उनलाई अलिअलि याद छ । उनको गाउँ नेपालको ग्रामीण पश्चिमी क्षेत्रको कपिलवस्तु जिल्लामा पर्दछ ।

तुलसी चार महिनासम्म अस्पतालमा रहिन् । उनको बायाँ खुट्टामा ठूलो चोट लागेको कारण डाक्टरहरूले सो खुट्टा काट्नुपऱ्यो । उनको दायाँ खुट्टा जोगाउन अरू चारओटा शल्यक्रिया गर्नुपऱ्यो । खुट्टा गुमाउँदाको पीडा उनी अझै सम्झिन्छिन् । त्यसबेला उनी विचित्रका सपना देख्थिन् । सपनामा उनको खुट्टा बढेर आउँथ्यो, घाउ पुरिन्थ्यो, दाग हराउँथ्यो र उनी फेरि हिँड्न सक्ने हुन्थिन् ।

दुर्घटनाअघि तुलसी चञ्चल स्वभावकी उत्साही विद्यार्थी थिइन् । दुर्घटनापछि उनी घरभित्रै सीमित हुनुपऱ्यो, बैसाखी टेकेर हिँड्न तथा अरूको सहयोगबिना हिँड्न उनलाई कठिनाइ भयो । बारुदी सुरुङमा टेक्न पुग्दा उनको जीवन कहिल्यै फेरि उस्तै नहुने गरी बदलियो ।

अहिले १६ वर्षकी तुलसी कृत्रिम खुट्टाको सहयोगबाट फेरि हिँड्न थालेकी छिन् । यो कृत्रिम खुट्टा ५ वर्षअघि पोखराको हरियो खर्क अस्पताल तथा पुनःस्थापना केन्द्रमा लगाइएको थियो । अब फेरि तुलसी साइकल चढ्न र साथीहरूसँग घरबाहिर खेल्न सक्ने भएकी छिन् । हरियो खर्क अस्पतालले हातखुट्टा गुमाएका वा मेरुदण्ड भाँचिएका व्यक्तिहरूका लागि शारीरिक पुनःस्थापन सेवा उपलब्ध गराउँछ । यसले उनीहरूलाई स्वतन्त्र रूपमा जीवन निर्वाह गर्न, काम गर्न र परिवार एवं समाजमा पुनःस्थापित हुन सहयोग पुऱ्याउँछ ।

द्वन्द्वसँग सम्बन्धित १५० जना भन्दा पनि बढी पूर्ववत् अवस्थामा फर्कन नसक्ने प्रकारको अपाङ्गता भई जीवनभर पुनःभेट सेवाको आवश्यकता परिरहने पीडितहरूमध्येकी तुलसी एक हुन् । अरू बिरामीहरूको जस्तो, उनको कृत्रिम खुट्टालाई नियमित रूपमा मिलाइरहनुपर्दछ र उनी हुर्कँदै जाँदा हरेक ३ वर्षमा अर्को नयाँ कृत्रिम खुट्टा बदल्नुपर्दछ । तुलसीजस्ता मानिसहरूलाई सहयोग गर्नका लागि आईसीआरसीले नेरेसोका जिल्ला शाखाहरूसँग मिलेर दर्ता गरिएका बिरामीहरूको पुनःभेटको लागि उनीहरुसँग सम्पर्कमा रहने, अपाङ्गता भएका र शारीरिक पुनःस्थापना गर्नुपर्ने बिरामीहरूको पहिचान गर्ने गर्दछ ।

५. वर्तमान परिस्थिति

नेपालमा माइन एक्शन गतिविधिहरूको समन्वय हाल शान्ति तथा पुनर्निर्माण मन्त्रालयको बारुदी सुरुङ व्यवस्थापन शाखाले गरिरहेको छ। सन् २०१० को अगष्ट महिनामा युनिसेफबाट यो जिम्मेवारी सो मन्त्रालयले लिएको हो। ५३ वटा बारुदी सुरुङ बिच्छ्याइएका क्षेत्रहरूमध्येको अन्तिम क्षेत्रबाट १४ जून २०११ मा बारुदी सुरुङ्ग हटाइएपछि नेपाल सरकारले मुलुकलाई बारुदी सुरुङ बिच्छ्याइएको क्षेत्रबाट मुक्त भनी घोषणा गऱ्यो। यसको अतिरिक्त २७३ वटा घरेलु विस्फोटजन्य पदार्थ भएका क्षेत्रहरूमध्येको बाँकी रहेका क्षेत्रबाट सन् २०१२ मा विस्फोटजन्य पदार्थ हटाइनेछ जसको फलस्वरूप नेपाल बारुदी सुरुङ बिच्छ्याइएको क्षेत्र तथा घरेलु विस्फोटजन्य पदार्थ भएको क्षेत्र दुबैबाट मुक्त मुलुक हुनेछ।[६] नेपाल सरकारको शान्ति तथा पुनर्निर्माण मन्त्रालयले हाल नेपालभर ४३ जिल्लामा प्रभावित समुदायमा बारुदी सुरूङ जोखिम शिक्षा कार्यक्रम कार्यान्वयन गरिरहेको छ। सरकारले आफ्नो अन्तरिम राहत तथा पुनःस्थापन कार्यक्रममा विस्फोटबाट पीडित भएका व्यक्ति तथा तिनका परिवारहरूका लागि पनि सहयोगका प्रावधानहरू समावेश गरेको छ।

माइन एक्शन संयुक्त कार्य समूह

सन् २००५ देखि आजका दिनसम्म बारुदी सुरुङका क्रियाकलाप सञ्चालन गर्ने अन्य क्रियाशील निकायहरूसँग गतिविधिहरूमा दोहोरोपन नआओस् भन्नका लागि आपसमा जानकारी आदान-प्रदान गर्नका निमित्त आयोजित, बारुदी सुरूङको जोखिमसम्बन्धी शैक्षिक कार्यक्रम तथा माइन एक्शन संयुक्त कार्य समूह (Mine Action Joint Working Group - MRJWG) का बैठकहरूमा नेरेसो र आईसीआरसीले भाग लिँदै आइरहेका छन्। नेरेसोका कर्मचारी तथा स्वयंसेवकहरूले यस संयुक्त समूहका लागि फ्लिप चार्ट, लिफ्लेट र पोस्टरजस्ता प्रचार-प्रसारका सामग्रीहरूको उत्पादनमा योगदान पुऱ्याएका थिए र यी सामग्रीहरूको फिल्डमा परीक्षण गर्ने कार्यमा पनि ती संलग्न थिए। ती सामग्रीहरूको प्रयोग बारुदी सुरुङको जोखिमसम्बन्धी शैक्षिक गतिविधिमा गरिएको छ।

विस्फोटजन्य पदार्थ भएको/बिच्छ्याइएको क्षेत्रबाट मुक्त मुलुक हुनु निःसन्देह नै ठूलो उपलब्धि भए तापनि विस्फोटजन्य पदार्थबाट हुन सक्ने जोखिम छँदै छैन भन्ने चाहिं होइन। सर्वसाधारणले सुरक्षित व्यवहार अपनाई फेला परेका विस्फोटजन्य पदार्थहरूको बारेमा तुरुन्तै सम्बन्धित निकायलाई जानकारी गराउँदा विस्फोटका घटनाहरू कम भएको छ। तथापि सन् २०११ मा मात्र २१ वटा फरक-फरक घटनाहरूमा २२ जना घाइते भएका थिए र ९ जना मारिएका थिए। सन् २००७ देखि यता घाइतेहरूको सङ्ख्या बिस्तारै घट्दै गइरहेको भए तापनि अझै पनि विस्फोटजन्य अवशेष/पदार्थले मानिसहरूलाई घाइते बनाउने वा तिनको ज्यान लिने जोखिम छ। यसर्थ आउँदा वर्षहरूमा रोकथाम एवं शिक्षामूलक गतिविधिहरूलाई जारी राख्नु आवश्यक छ। नेपाल शान्ति कोषले (Nepal Peace Trust Fund) यस्तो कार्यको लागि सहयोग उपलब्ध गराउँछ।

शिक्षा विभागको सहयोगमा विद्यालयहरूमा सञ्चालित सचेतना सत्रका अतिरिक्त, प्रभावित समुदायहरूमा समेत सो गतिविधिको सञ्चालनलाई जारी राख्नु आवश्यक छ। यस सम्बन्धमा गहकिलो अनुभव एवं दक्षता भएकोले नेरेसो रोकथाम एवं शिक्षामूलक गतिविधिहरू सञ्चालन गर्नका लागि उपयुक्त सङ्गठनहरूमध्येको एक हो। नेरेसोले स्थानीय शान्ति समितिहरूबाट आर्थिक सहयोग प्राप्त गरी २१ जिल्लामा गतिविधि सञ्चालन गर्दै आएको छ र अझ बढी जिल्लाहरूमा पनि यी गतिविधि सञ्चालन गर्न सक्ने क्षमता छ। सुरक्षासम्बन्धी आधारभूत सन्देशहरूलाई आफ्ना अन्य कार्यक्रममा समावेश गर्दै सुरक्षित व्यवहारको प्रवर्द्धन गर्नुका अतिरिक्त नेरेसोले सरकारद्वारा उपलब्ध गराइएका सेवा तथा सुविधाहरूमा पीडित व्यक्तिहरूको पहुँच पुऱ्याउने कार्य जारी राख्नेछ।

[६] सन् २०११ को अन्त सम्ममा २६७ वटा घरेलु विस्फोटजन्य पदार्थ भएका क्षेत्रहरू हटाइयो। बाँकी ६ वटा घरेलु विस्फोटजन्य पदार्थ भएका क्षेत्रहरू सन् २०१२ मा हटाइनेछ।

६. नेरेसोको भावी भूमिका

नेपालका ७५ वटै जिल्लामा उपस्थिति रहेको नेरेसोलाई मानवीय सेवा आवश्यक भएको जनसमुदायलाई उक्त सेवा उपलब्ध गराउने कार्यादेश प्राप्त छ। विगत ६ वर्षदेखि ज्यान जोगाउने तथा अपाङ्ग हुनबाट बचाउने गतिविधिहरू सञ्चालन गरेको अनुभव बोकेको नेरेसोसँग बारुदी सुरुङ तथा युद्धका अन्य विस्फोटजन्य अवशेषहरूले पुऱ्याउने खतराका बारेमा प्रचार-प्रसार गरी सर्वसाधारणमाझ चेतना फैल्याउने विशेष दक्षता छ। तसर्थ नेपालमा यस्ता गतिविधि सचालन गर्नको निम्ति नेरेसो मुख्य संस्था हुनसक्दछ।

विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमको कार्यान्वयनमा नेरेसोका विभिन्न निकायहरूको भूमिका

नेरेसो केन्द्रीय कार्यालयको भूमिका

- शान्ति तथा पुनर्निर्माण मन्त्रालय र विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना वा माइन एक्शन गतिविधिमा संलग्न अन्य निकायहरूसँग सम्पर्क राख्ने र यस्ता गतिविधिहरूमा समन्वय गर्ने,
- नेरेसोका जिल्ला शाखाहरूसँग सम्पर्क कायम गर्ने, समन्वय गर्ने र सान्दर्भिक सूचना आदान-प्रदान गर्ने,
- आवश्यक भएको खण्डमा परियोजना प्रस्ताव र शिक्षा तथा सञ्चार सामग्री तयार गर्ने,
- बैठक, कार्यशाला तथा गोष्ठीहरूमा भाग लिने र
- समस्याको विश्लेषण गर्ने र सम्बन्धित जिल्ला शाखाहरूसँग यसबारे जानकारी आदान-प्रदान गर्ने।

नेरेसोका जिल्ला शाखाहरूको भूमिका

- जिल्लास्तरमा आफ्ना कार्यक्रमहरूका बारेमा स्थानीय शान्ति समितिहरूसँग सम्पर्क गरी गतिविधिहरूमा समन्वय गर्ने,
- विस्फोटजन्य पदार्थको जोखिमबारे सचेतना/शिक्षा कार्यक्रमको कार्यान्वयन गर्ने र स्थानीय शान्ति समितिसँगको समन्वयमा अन्य सान्दर्भिक जानकारीको प्रचार-प्रसार गर्ने,
- जिल्लास्तरका बैठक, कार्यशाला तथा गोष्ठीहरूमा भाग लिने र
- आवश्यक भएको खण्डमा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना सत्रहरू सञ्चालन गर्नका लागि नयाँ युवा स्वयंसेवकहरूलाई प्रशिक्षण प्रदान गरी उनीहरूको ज्ञान तथा क्षमता अभिवृद्धि गर्ने।

नेरेसोका उपशाखाहरूको भूमिका

- गा.वि.स स्तरीय शान्ति समितिसँग समन्वय तथा सम्पर्क गर्ने,
- गा.वि.स स्तरीय शान्ति समितिसँगको समन्वयमा गतिविधिहरू सञ्चालन गर्ने र
- आवश्यक भएको खण्डमा युवा स्वयंसेवकहरूलाई विस्फोटजन्य पदार्थको जोखिमका सम्बन्धमा सचेत पार्ने र सोसम्बन्धी सत्रहरू सञ्चालन गर्नका लागि सक्षम बनाउन स्वयंसेवकहरूलाई प्रशिक्षण दिने।

विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमको मुख्य सम्पर्क व्यक्तिको भूमिका

- नेरेसोको केन्द्रीय कार्यालयसँग गतिविधिहरूको समन्वय गर्ने,
- नेरेसोको केन्द्रीय कार्यालय, जिल्ला शाखा, उपशाखा र जुनियर तथा युवा रेडक्रस सर्कलहरूसँगको समन्वयमा विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रम तथा यसका गतिविधिहरूका बारेमा जानकारीको प्रचार-प्रसार गर्ने,
- गतिविधिहरू पूरा भएपछि प्रतिवेदन तयार पार्ने र नेरेसोका जिल्ला शाखासमक्ष पेश गर्ने र
- विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रमको मुख्य सम्पर्क व्यक्तिको रूपमा निजले आफ्नो अन्य जिम्मेवारी वहन गर्दै यससम्बन्धी गतिविधि सञ्चालन गर्ने।

७. आधारभूत सुरक्षा

सुरक्षासम्बन्धी आधारभूत सन्देश

- सबै विस्फोटजन्य पदार्थहरू खतरनाक हुन्छन् र धेरै टाढासम्म मानिसहरूलाई मार्ने वा घाइते पार्ने गरी बनाइएको हुन्छ ।
- सामान्यत: विस्फोट हुँदा विस्फोटजन्य पदार्थलाई चलाउने व्यक्तिलाई मात्र असर नगरी नजिकै उभिएका मानिसहरूलाई समेत असर गर्दछ ।
- विस्फोटजन्य पदार्थ घरमा राख्नाले घरमा मात्र हानि-नोक्सानी पुग्दैन, परिवारका सदस्यहरूको ज्यानसमेत जान सक्दछ ।

त्यसैले, कुनै पनि शंकास्पद, नौलो, अनौठो वस्तु वा विस्फोटजन्य पदार्थ नै देख्नुभयो भने,

नजिक नजानुहोस् ! नछुनुहोस् !

त्यो वस्तु रहेको सही ठाउँ याद गर्नुहोस् !

तुरून्तै वयस्क व्यक्ति तथा अधिकारीहरूलाई जानकारी दिनुहोस् ताकि अरू कोही घाइते हुन वा मारिनबाट जोगिऊन् ।

नेपाल सेना र सशस्त्र प्रहरी बलसँग मात्र सुरक्षापूर्वक विस्फोटजन्य पदार्थलाई निष्क्रिय पार्ने तथा हटाउने क्षमता छ ।

सुरक्षासम्बन्धी आधारभूत सन्देशहरू आफ्नो परिवार, साथी तथा छिमेकीहरूलाई बताउन नबिर्सनुहोस् ।

सिन्धुपाल्चोकका नायक

सन् २०११ को अक्टोबर ११ तारिखका दिन सिन्धुपाल्चोक जिल्लाको अत्तरपुर गाविस-८ स्थित सिक्लेका १४ वर्षिय झलक श्रेष्ठले घाँस काट्दै गर्दा उनको हजुरबाको खेतमा सकेट बम फेला पारे । उनले फेला पारेको वस्तु सशस्त्र द्वन्द्वको समयमा उनले देखेको माओवादी कार्यकर्ताहरूले लिएर हिँड्ने वस्तुजस्तै थियो । त्यसैले यस्ता वस्तु खतरनाक हुन्छन् भन्ने कुरा उनलाई थाहा थियो र उनी तुरुन्तै घर फर्के र यसका बारेमा आफ्ना बुबालाई जानकारी दिए ।

त्यसपछि उनका बुबाले स्थानीय प्रहरीलाई खबर गरे र प्रहरीले उनको परिवारसँग मिलेर त्यस ठाउँमा जम्मा पाँच ओटा सकेट बम फेला पारे । विस्फोटजन्य पदार्थहरूलाई पछि सुरक्षापूर्वक निष्क्रिय पारियो । यसरी एउटा सानो केटोको सचेत व्यवहार र तत्कालै चालेको कदमले सिन्धुपाल्चोक जिल्लामा धेरै मानिसहरूको ज्यान जोगियो ।

सुरक्षित व्यवहारका बारेमा सचित्र सन्देश[७]

नजिक नजानुहोस् ! नछुनुहोस् !

त्यो वस्तु रहेको सही ठाउँ याद गर्नुहोस् !

तुरुन्तै वयस्क व्यक्ति तथा अधिकारीहरूलाई जानकारी दिनुहोस् ताकि अरू कोही घाइते हुन वा मारिनबाट जोगिऊन् ।

नेपाल सेना र सशस्त्र प्रहरी बलसँग मात्र सुरक्षापूर्वक विस्फोटजन्य पदार्थलाई निष्क्रिय पार्ने तथा हटाउने क्षमता छ ।

सुरक्षासम्बन्धी आधारभूत सन्देशहरू आफ्नो परिवार, साथी तथा छिमेकीहरूलाई बताउन नबिर्सनुहोस् ।

[७] यस खण्डमा प्रयोग गरिएका सामग्री माइन एक्शन संयुक्त कार्य समूहद्वारा उत्पादित बारुदी सुरुङ जोखिम शिक्षासँग सम्बन्धित फ्लिप चार्टबाट लिइएका हुन् ।

अनुसूचीहरू

अनुसूची १: नेरेसो र आईसीआरसीको 'विस्फोटजन्य पदार्थको जोखिमसम्बन्धी सचेतना कार्यक्रम'को सारांश

सि.नं	जिल्ला[८]	MRE कार्यक्रम भएको साल	EMRE सत्रहरू	MRE सत्रहरू	समेटिएका गा.वि.स.हरू	समेटिएका स्कूलहरू	जम्मा लाभान्वितहरू
१	ताप्लेजुङ्ग	२००७		२६	२	२४	१०४९
२	पाँचथर	२००७,०८,०९,१०		१३६	९३	४३	६०१२
३	इलाम	२०१०	३				३२५
४	झापा	२००७,०८		३५	२५	१०	१९२८
५	संखुवासभा	२०११	२				३५०
६	तेह्रथुम	२००६,०७,०८		१४४	२५	११९	७३००
७	भोजपुर	२००९	१०				६५०
८	धनकुटा,	२००७		६	१	५	२२२
९	मोरङ्ग,	२००७,०८,०९,१०		१०९	३८	७१	४५०७
१०	सुनसरी	२००९	४				७००
११	सोलुखुम्बु	२०१०	५				११७०
१२	ओखलढुंङ्गा	२०१०	२				६५०
१३	खोटाङ्ग	२००७,०८,०९	४	७५	७	६९	४८०९
१४	उदयपुर	२०१०	२				३७५
१५	सप्तरी	२०१०	४				३५०
१६	सिराहा	२००६,०७,०८		१०२	५६	४६	४१०२
१७	दोलखा	२००५,०६,०७,०८	३	१२५	५८	६७	७०३०
१८	रामेछाप	२००७	४	१८	९	९	१७०७
१९	सिन्धुली	२००७,०८		५४	४१	१३	२१०३
२०	सर्लाही	२००६,०७,०९,१०	३	४४	२४	१६	३३९७
२१	महोत्तरी	२००७,०८,०९,१०		१७९	१५१	२८	८०८७

[८] काठमाडौं, ललितपुर गोरखा, बारलुङ र पर्वत जिल्लाहरूमा सन् २०११ को नोभेम्बरसम्ममा MRE वा EMRE सत्रहरू सञ्चालन गरिएको छैन ।

सि.नं	जिल्ला	MRE कार्यक्रम भएको साल	EMRE सत्रहरू	MRE सत्रहरू	समेटिएका गा.वि.स.हरू	समेटिएका स्कुलहरू	जम्मा लाभान्वितहरू
२२	धनुषा	२००७,०८	५	४०	२२	१८	३१००
२३	चितवन	२००५,०६,०७,०८, ०९,१०	८	१८३	८६	९७	१५८५७
२४	मकवानपुर	२००७,०८	५	६३	१६	४७	३०५०
२५	बारा	२००६,०७,०८,०९,१०	५	१७५	७३	११३	८६७५
२६	पर्सा	२००६,०७,०९,१०	६	१२६	३२	९४	७५८९
२७	रौतहट	२००७,०८,०९,०११	२	९६	७२	३४	४०४०
२८	रसुवा	२००९	३				६५०
२९	धादिङ्ग	२००५,०६,०७		७८	२३	५६	३५६७
३०	सिन्धुपाल्चोक	२००५,०६,०७,०१०,०११	८	६०	३२	२८	५०९०
३१	काभ्रेपलाञ्चोक	२००५,०६,०७,०८		११०	१८	९२	५४९०
३२	नुवाकोट	२०१०	३				९७०
३३	भक्तपुर	२०११	१		१		३५
३४	लमजुङ्ग	२००८,०१०,०११	१२	३७	१६	२१	४९०२
३५	तनहुँ	२००७,०९	३	२७	६	२१	२७६०
३६	कास्की	२०११	३				६७०
३७	स्याङ्जा	२०१०	३				५००
३८	मनाङ्ग	२०११	३				२५०
३९	मुस्ताङ्ग	२००९	४				३००
४०	म्याग्दी	२०१०	२				३००
४१	नवलपरासी	२००७		२७			८७५
४२	रुपन्देही	२००५,०६,०७,०८,०९	२	१५६	३१	१२४	८६५०
४३	कपिलवस्तु	२००७,०८		१८	६	१२	८५१
४४	गुल्मी	२००७,०८	४	४१	४	३७	४९२७
४५	अर्घाखाँची	२००६,०७		७७	५३	२५	३८७८
४६	पाल्पा	२००५,०६,०७,०८,०९,०१०	७	१५७	६३	१५३	११०२५

सि.नं	जिल्ला	MRE कार्यक्रम भएको साल	EMRE सत्रहरू	MRE सत्रहरू	समेटिएका गा.वि.स.हरू	समेटिएका स्कुलहरू	जम्मा लाभान्वितहरू
४७	रोल्पा	२००७,०८,०९,१०	१०	६६	३७	३०	५२१३
४८	रुकुम	२००७,०८	२	३०	२०	२५	१७४४
४९	सल्यान	२००७	३	१८	७	११	१५७०
५०	प्यूठान	२००९	१	२५	१	२४	१२६०
५१	दाङ्ग	२००५,०६,०७,०८, ०९,१०	६	१८३	११८	६४	९०३९
५२	दैलेख	२००६,०७, ०९		५७	६	४६	३३६५
५३	जाजरकोट	२००७,०९		३९	३०	९	२४८९
५४	सुर्खेत	२००६,०७,०८		१०२	३७	६५	४९७२
५५	बाँके	२००५,०६,०७		७१	४८	२३	३७९८
५६	बर्दिया	२००७,०८		२८	१०	१८	२५५८
५७	हुम्ला	२००९,०१०,०११	५				५२१
५८	मुगु	२०११	१				७०
५९	कालीकोट	२००७,०८, ०९	३	५९	२१	३८	२१६६
६०	जुम्ला	२००७,०८,०९,०१०	४	४२	१५	२७	३१५६
६१	डोल्पा	२००७	१	३			२००
६२	बझाङ्ग	२००७,०९,०१०	२	१६	१३	३३	१५८५
६३	बाजुरा	२०११	२				४००
६४	अछाम	२००५,०६,०७,०८,०१०,०११	४	१४२	६१	७१	७३९८
६५	डोटी	२००७,०९,०१०	२	१७	९	८	८४५
६६	कैलाली	२००६,०७,०८, ०९,१०	१०	१७५	८४	९२	१०१२४
६७	दार्चुला	२००९	२				४१०
६८	बैतडी	२००८		३०	४	२६	१५१६
६९	डडेल्धुरा	२००९	३				३५०
७०	कञ्चनपुर	२००६,०७		७०	६८	२	३२६४
जम्मा			**१९६**	**३६९७**	**१६७०**	**२१०४**	**२२२८३७**

अनुसूची २: नेरेसोका जिल्ला शाखाहरू र विस्फोटजन्य पदार्थसम्बन्धी सचेतना कार्यक्रमको स्रोत व्यक्तिहरूको सूची

क्रम संख्या	जिल्ला	स्रोत व्यक्तिहरू	सम्पर्क फोन
१	ताप्लेजुङ्ग	निरा गुरुङ्ग, प्रविण वानियाँ	०२४-४६०१०२
२	पाँचथर	प्रेम नेपाल, दिपेन्द्र राई, पम्फा बि.क.	०२४-५२०२७३
३	झापा	प्रकाश कार्की	०२३-५२०१०२
४	तेह्रथुम	सपना कोइराला, विरेन्द्र श्रेष्ठ, कमला संग्रौला	०२६-४६०१०१, ४६०१४१
५	भोजपुर	ध्रुव श्रेष्ठ	०२९-४२०१३७
६	धनकुटा	सञ्जिता प्रधान, दिपक भुजेल	०२६-५२०३५२
७	मोरङ्ग	ज्योति काफ्ले, मान वहादुर लामिछाने, रीता भट्टराई	०२१-५२३३२५
८	खोटाङ्ग	भुमिराज सैंजु, कोपिला बुढाथोकी, लोक माया थापा, टेक बहादुर मानन्धर	०३६-४२०२८२
९	सिराहा	विजय कुमार यादव	०३३-५२००९५, ५२०५६१,
१०	दोलखा	गोकर्ण प्रसाद पोखरेल, सम्झना श्रेष्ठ	०४९-४२१३७४
११	सिन्धुली	दिप नारायण श्रेष्ठ, पवन पाखिन, टिकाजंग थापा	०४७-५२०१२०
१२	सर्लाही	शशी शेखर कुशवाह, राज कुमार पन्डित	०४६-५२०१९५
१३	महोत्तरी	विजय चौधरी, उमेश मिर्शा	०४४-५२०१३३, ५२०६३३
१४	धनुषा	नरेश सिंह, खगेन्द्र कुमार सिंह, निशा यादव, मुकेश यादव	०४१-५२०८७०
१५	चितवन	केदार कोइराला, राजेन्द्र प्रसाद पाठक, सुष्मिता शर्मा, सुनिता ढकाल, गोमा अधिकारी, रामकृष्ण पौडेल, नवीन तिवारी	०५६-५२०१३३, ५२६२६५
१६	मकवानपुर	जनक लम्साल, सरिता दाहाल	०५७-५२०७११,
१७	बारा	डिल्ली सिंह वाइवा, उदय नेपाल, सम्भु कुमार गुप्ता	०५३-६९२६७६
१८	पर्सा	देवेन्द्र यादव, प्रविन कुमार खत्री, यशोदा वास्तोला, रीता थापा	०५१-५२२५२५, ५२७८६४
१९	रौतहट	सुधिर कुमार झा, निलु कुमारी झा	०५५-५२०१४१, ५२०९२७
२०	धादिङ्ग	गौरी नेपाल, बलराम रिजाल, बद्रि लम्साल, लक्ष्मी शाह	०१०-५२०१३७
२१	काभ्रेपलाञ्चोक	महेश्वर जंगम, उमा बस्नेत	०११-६६१४३१
२२	लमजुङ्ग	गंगुराम गिरी, अश्विन सुवेदी	०६६-५२०१६९
२३	तनहुँ	बिमल गिरी	०६५-५६०१६९, ५६१७२०
२४	म्याग्दी	सारदा पहाडी, ईश्वर सुवेदी	०६९-५२०१६९, ५२०११६
२५	नवलपरासी	गोपाल प्रसाद शर्मा, शोभा पाण्डे	०७८-५२०५२६, ५२०५२७
२६	रुपन्देही	आर मोहम्मद खाँ, सुलभ नेपाल, संगिता न्यौपाने, प्रज्वल धिताल, लक्ष्मी गैरे	०७१-५२०२६३
२७	कपिलवस्तु	दिपक प्रसाद भुसाल	०७६-५६००१५, ५६१०६७
२८	गुल्मी	मान सिंह पन्थी, घनश्याम टन्डन	०७९-५२०१६३, ६९०१६३
२९	अर्घाखाँची	विष्णु प्रसाद पराजुली	०७७-४२०२७५
३०	पाल्पा	नमिता बस्याल, सुशिला गैरे	०७५-५२००८०

क्रम संख्या	जिल्ला	स्रोत व्यक्तिहरू	सम्पर्क फोन
३१	रोल्पा	चन्द्र बहादुर घर्ती मगर, कर्ण बहादुर डाँगी	०८६-६८०१५१,४४००३६
३२	रुकुम	विष्णु ओली, केशन कुमार क्षेत्रियाल, कुबेर खड्का, सुरेश खत्री	०८८-५३०१४५, ५३००१७
३३	सल्यान	एलिना बस्नेत, कृष्ण बहादुर खडका, राकेश श्रेष्ठ, सेवक राज न्यौपाने	०८८-५२०००४
३४	प्यूठान	प्रतिक्षा थपलिया, नारायण पाण्डे	०८६-४२००२१
३५	दाङ्ग	चन्द्रिका न्यौपाने, रामसुरत यादव	०८२-५२००२२
३६	दैलेख	भक्त बहादुर थापा, विकास थापा, तोपेन्द्र सिजापती, इशु थापा, सिता थापा	०८९-४२०१७९
३७	जाजरकोट	लोकेन्द्र राज थापा, हांसी लाल पन्त	०८९-४३००४२
३८	सुर्खेत	यज्ञनारायण सुबेदी, खगेन्द्र पुरी, दिपेन्द्र राज कोइराला	०८३-५२०३१०, ५२३५१८
३९	बाँके	दोलख बहादुर डाँगी, दिर्घराज बजगाँई, सुष्मा शर्मा, सालिकराम गिरी	०८१-५२०१०४, ५२१२५६
४०	बर्दिया	घनश्याम गौतम, राम कुमार चौधरी, अन्जु उपाध्याय, रमा ढकाल	०८४-४२०१२५, ५२०८४५
४१	हुम्ला	नर बहादुर रोकाया, छेपाल दोर्जे लामा	०८७ -६८०१३०
४२	मुगु	तिलक बहादुर मल्ल, हरि बहादुर बिटालु, जय बहादुर मल्ल, नितेन्द्र मल्ल, सरिता रोकाया	०८७-४६०००७
४३	कालिकोट	कृष्ण कला पाण्डे, कमल बहादुर शाही	०८७-४४०१२५
४४	जुम्ला	भगवती श्रेष्ठ, हरि गोपाल चौलागाँई	०८७-५२००३६
४५	बझाङ्ग	प्रर्मिला जोशी, पार्वती सिंह, रमेश के.सी., सुरेश नेपाली	०९२-४२११३३
४६	बाजुरा	राम बहादुर शाही	०९७-५४११०९
४७	अछाम	बृकेश सिंह बोगटी, गणेश खड्का, तरक बहादुर रावल, खेम प्रसाद भट्टराई	०९७-६२०१४८
४८	डोटी	सुबाश श्रेष्ठ, तिलक बहादुर महरा	०९४-४२०२२८
४९	कैलाली	लक्ष्मण जोशी, ईश्वरी बम	०९१-५२१३३३, ५२३०९१
५०	बैतडी	हेमराज भट्ट, तरिणी दत्त पाण्डे	०९५-५२०१५६, ५२०३५६
५१	डडेल्धुरा	सुरेन्द्र सिंह अैरे, सरस्वती खड्का	०९६-४२०४६३, ४२०५५३
५२	कञ्चनपुर	प्रकाश पाण्डे, निशा थापा	०९९-५२३९८३, ५२५५८८

अनुसूची ३: तथ्याङ्क तालिका[९]

तालिका २ | विस्फोट हुँदा पीडित व्यक्तिहरूका गतिविधि

पीडित व्यक्तिको गतिविधि/ उमेर तथा लिङ्ग	केटा	केटी	पुरुष	महिला	थाहा नभएका	कुल संख्या	%
विस्फोटजन्य पदार्थ बिगार्दा/चलाउँदा–अन्य/खेल्दा र सुरक्षासाथ थन्क्याउँदा/जानी-जानी हिर्काउँदा/फ्याँक्दा	१०६	३४	३४	१४	१	१८९	३८.७%
विस्फोटजन्य पदार्थ आगोमा हाल्दा	५	१	४	३	०	१३	२.७ %
पीडितको निजकै उभिएको/ नजिकबाट हेरिरहेको	३४	१२	३५	३०	०	१११	२२.७ %
अन्य/सकेट बम बनाउँदै गरेको बेला	१६	७	२५	८	०	५६	११.५ %
अज्ञात	१३	४	११	७	०	३५	७.२ %
यात्रा गर्दा	७	३	१४	५	०	२९	५.९ %
दाउरा खोज्दै/घाँस काट्दै/गाई-वस्तु चराउँदै गर्दा	३	२	८	११	०	२४	४.९ %
श्रम गरिरहेको	१	०	३	४	०	८	१.६ %
कोठा, जङ्गल, आँगन सफा गर्दै गर्दा	१	०	५	१	०	७	१.४ %
ब्लक/झण्डा/तुल (व्यानर) हटाउँदै गर्दा	१	०	४	०	१	६	१.२ %
खेती गर्दै गर्दा	१	२	२	०	०	५	१.० %
कुल्चिँदा	१	१	०	२	०	४	०.८ %
बारुदी सुरुङ पन्छाउँदै गर्दा	०	०	१	०	०	१	०.२ %
कुल संख्या	**१८९**	**६६**	**१४६**	**८५**	**२**	**४८८**	

तालिका ३ | विस्फोटजन्य पदार्थअनुसार हताहतको प्रकार

विस्फोटजन्य पदार्थको प्रकार	घाइते	मृतक	जम्मा	प्रतिशत
सकेट बम	१२४	१८	१४२	२९%
अज्ञात/अन्य घरेलु विस्फोटजन्य पदार्थ	९२	२९	१२१	२५%
सुतली बम	१०१	०	१०१	२१%
सडक अवरोध, छलपासो (booby trap)	५	५	१०	२%
टिफिन बम	६	०	६	१%
स्टिल टिफिन बक्स बम	४	१	५	१%
पाइप बम	३	२	५	१%
प्रेसरकुकर बम	३	०	३	१%

[९] सम्पूर्ण विश्लेषण नेपालको माइन एक्शन संयुक्त कार्य समूहका लागि इन्सेकद्वारा सङ्कलित तथ्याङ्कमा आधारित छ।

विस्फोटजन्य पदार्थको प्रकार	घाइते	मृतक	जम्मा	प्रतिशत
एसएफ डिफेन्सिभ घरेलु विस्फोटजन्य पदार्थ (SF Defensive IED)	२	१	३	१%
डिटोनेटर	१७	१	१८	४%
हाते बम्ब (ह्यान्ड ग्रिनेड)	८	५	१३	३%
मोर्टार शेल	७	६	१३	३%
अन्य विस्फोटजन्य पदार्थ	४	१	५	१%
अज्ञात माइन	७	२	९	२%
ब्लास्ट माइन	७	१	८	२%
स्टेक माइन (stake mine)	२	१	३	१%
क्लेमोर माइन (claymore mine)	२	०	२	०.४%
अज्ञात विस्फोटजन्य पदार्थ	१३	८	२१	४%
कुल संख्या	**४०७**	**८१**	**४८८**	

तालिका ४ | घटना भएका स्थान र विस्फोटजन्य पदार्थको प्रकारअनुसार घाइतेहरूको संख्या

घटना भएको स्थान	घरेलु विस्फोटजन्य पदार्थ	बारुदी सुरुङ	अन्य विस्फोटजन्य पदार्थ	अज्ञात विस्फोटजन्य पदार्थ	जम्मा
घर	१३९		२५	१०	१७४
खेतबारी	६७		८	१	७६
सडक	५४			२	५६
गाउँ तथा शहर	३३		६		३९
वन-जङ्गल	१७	१	५	४	२७
अन्य ठाउँ	२५				२५
बाटो	१९		४		२३
सुरक्षाबल आधार सिविर नजिक	४	१३		१	१८
विद्यालय	८			३	११
चरण क्षेत्र	९				९
टावर नजिक		८			८
सरकारी कार्यालय	७				७
स्वास्थ्य चौकी नजिक	७				७
नदी किनार	४				४
कारखाना	२				२
बजार			१		१
अज्ञात ठाउँ	१				१
कुल संख्या	**३९६**	**२२**	**४९**	**२१**	**४८८**

नेरेसोले MRE कार्यक्रम कार्यान्वयन गरेको जिल्लाहरू



आईसीआरसीको लक्ष्य

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) निष्पक्ष, तटस्थ र स्वतन्त्र सङ्गठन हो जसको एक मात्र मानवीय लक्ष्य सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूबाट पीडित व्यक्तिहरूको जीवन र मर्यादाको संरक्षण गर्नु र उनीहरूलाई सहयोग उपलब्ध गराउनु हो । आईसीआरसीले मानवीय कानुन र विश्वव्यापी मानवीय सिद्धान्तहरूको प्रवर्धन र तिनलाई सुदृढ पारेर पीडालाई रोक्ने प्रयत्न पनि गर्दछ । सन् १८६३ मा स्थापित आईसीआरसीबाट नै जेनेभा महासन्धिहरू तथा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको उत्पत्ति भएको हो । यसले सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूमा रेडक्रस अभियानद्वारा सञ्चालित अन्तर्राष्ट्रिय गतिविधिहरूको निर्देशन र समन्वय गर्दछ ।

नेपाल रेडक्रस सोसाइटीको लक्ष्य

संस्थाको संगठनात्मक ढाँचाको सुदृढीकरण तथा विस्तारद्वारा सरकारी एवं गैरसरकारी संगठनहरूसँग सम्पर्क स्थापनाका साथै सामुदायिक सहभागिता र स्वयंसेवकहरूको अधिकतम परिचालन गरी मानवीय पीडामा राहत प्रदान गर्ने र संकटाभिमुखता कम गर्ने नेपाल रेडक्रस सोसाइटीको दूरगामी लक्ष्य हुनेछ ।

ICRC

Nepal Red Cross Society

2012.0016/002 03.2012 500